# प्रायः सोधिने प्रश्नहरू

## DPS को SchoolChoice नामाङ्कन प्रक्रियाले कसरी काम गर्छ ?

SchoolChoice आगामी वर्ष नयाँ विद्यालयमा उपस्थित हुन चाहेका वा नयाँ विद्यालय जानु पर्ने आवश्यकता भएका कुनै पनि विद्यार्थी, विशेषगरी “पारगमन हुने” विद्यार्थीहरूका लागि बनाइएको एउटा कार्यक्रम हो । सबै आगमन ECE विद्यार्थीले आवेदन पूरा गर्नुपर्छ । तपाईंको विद्यार्थी हाल किन्डरगार्टेनदेखि ग्रेड 11 सम्म अध्ययनरत हुनुहुन्छ र 2023-24 का लागि आफ्नो हालको विद्यालयमा बसिरहनुहुन्छ भने, तपाईंले SchoolChoice आवेदन भर्नुपर्दैन* । SchoolChoice ले कसरी काम गर्छ भन्नेबारे यहाँ बताइएको छ:

1. सर्वप्रथम, Great Schools (ग्रेट स्कूल्स) को नामाङ्कन गाइड समीक्षा गरेर, स्कूल फाइन्डर प्रयोग गरेर र रुचि लागेका विद्यालयहरूमा कुराकानी गरेर DPS का विद्यालयहरूका बारेमा अनुसन्धान गर्नुहोस् ।
2. आफ्नो विद्यार्थीका शीर्ष प्राथमिकताहरूलाई प्राथमिकता दिनुहोस् र SchoolChoice आवेदनमा तिनीहरूलाई दर्जा दिनुहोस् । हामी 12 वटा विद्यालयको सीमासम्मका विभिन्न प्राथमिकताहरू सूचीबद्ध गर्न सिफारिस गर्छौं ।
3. पहिलो चरणको विन्डोको अवधिमा आफ्नो SchoolChoice आवेदन अनलाइनमा पेश गर्नुहोस् । 2023-24 विद्यालय वर्षका लागि SchoolChoice को विन्डो जनवरी 13, 2023 मा बिहान 10 बजे खुल्छ र फेब्रुअरी 14, 2023 मा दिउँसो 4 बजे समाप्त हुन्छ ।
4. SchoolChoice ले तपाईंको विद्यार्थीका शीर्ष प्राथमिकताहरूलाई प्रत्येक विद्यालयका भर्ना प्राथमिकताहरू र उपलब्ध स्थानसँग सम्मिलित गर्छ । सबै विद्यार्थीलाई अनियमित रूपमा कुन विद्यालयको सिट प्रदान गर्ने भनेर निर्धारण गर्ने एउटा लोटरी नम्बर तोकिने छ।

विद्यार्थीहरूलाई उनीहरूको उच्चतम प्राथमिकताको विद्यालयमा उपलब्ध सिट दिइने छ । तपाईंलाई मार्चको अन्त्यमा सूचित गरिने छ। तपाईंको प्राथमिकताका आधारमा विद्यालयहरूलाई दर्जा दिनुहोस् ।

***यो कुरा ध्यानमा राख्नुहोस्:** केही अवस्थाहरूमा, आफ्नो हालको विद्यालयमा बस्न चाहने विद्यार्थीलाई *SchoolChoice* आवेदन पेश गर्न भनिने छ । यसमा *ECE-8* वा *6* देखि *12* ग्रेडका विद्यार्थी अध्ययन गर्ने विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरू समावेश हुन सक्छन् । यस्तो भएमा, पहिलो चरण हुनुअघि *DPS* ले परिवारहरूलाई सूचित गर्ने छ ।

## मैले विद्यालयलाई कसरी दर्जा दिन्छु भन्ने आधारमा विद्यालयमा प्रवेश गर्न पाउने अझ राम्रो अवसर पाउँछु ?

यसको कुनै गोप्य सूत्र छैन । हामी धेरै विद्यालयहरू सूचीबद्ध गर्न सिफारिस गर्छौं तर सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको तिनीहरूलाई प्राथमिकताका आधारमा दर्जा दिनु हो । तपाईंले आफ्नो उच्चतम प्राथमिकता प्राप्त गर्नुभएन भने, छनोट प्रणाली तपाईंको अर्को-उच्चतम प्राथमिकतामा जाने छ । विद्यालयले तपाईंले आवेदनमा तिनीहरूलाई कसरी दर्जा दिनुभयो भन्ने कुराको ख्याल राख्नु सामान्य भ्रम हो । विद्यालयहरूले तपाईंले तिनीहरूलाई कुन नम्बरमा दर्जा दिनुहुन्छ भन्ने देख्दैनन् र तिनीहरूलाई नम्बर 1 दर्जा दिने विद्यार्थीहरूलाई मात्र छनोट गर्ने विकल्प हुँदैन ।
उक्त विद्यालयका लागि विद्यार्थीको प्राथमिकता समूह र विद्यार्थीको लोटरी नम्बरका आधारमा असाइनमेन्टहरू बनाइन्छ । उदाहरणका लागि, पहिलो विद्यार्थी उक्त विद्यालयको उच्च प्राथमिकता समूहमा छ

र/वा उक्त विद्यार्थीको उच्च लोटरी नम्बर छ भने, आफ्नो सूचीमा विद्यालयलाई नम्बर 3 को दर्जा दिने विद्यार्थीलाई सोही विद्यालयलाई नम्बर 1 को दर्जा दिने व्यक्तिको अगाडि उक्त विद्यालयमा स्वीकार गरिन्छ ।

## मैले SchoolChoice को अन्तिम दिनमा नभएर पहिलो दिन मेरो आवेदन पेश गर्छु भने विद्यालयमा प्रवेश गर्न पाउने अझ राम्रो अवसर पाउँछु ?

होइन, पहिलो चरणको SchoolChoice विन्डोको अवधिमा पेश गरिएका आवेदनहरूलाई समान रूपमा व्यवहार गरिन्छ । विन्डोमा प्रारम्भमा पेश गरिएका आवेदनहरूलाई कुनै प्राथमिकता दिइएको छैन ।

## छनोट प्रक्रियाले कसरी विद्यार्थीहरूका लागि विद्यालयहरू खोज्छ ?

पहिलो चरणमा सबै आवेदन पेश गरेर सकेपछि, Choice अल्गोरिदमले अनियमित रूपमा सबै सहभागी विद्यार्थीलाई 1 र 1 मिलियनबिचको लोटरी नम्बर तोक्ने छ । विद्यार्थीहरूलाई प्रत्येक विद्यालयद्वारा प्रकाशित पूर्वनिर्धारित प्राथमिकता वर्गहरूका आधारमा उनीहरूले चयन गरेका प्रत्येक विद्यालयका लागि प्राथमिकता स्तर पनि तोकिएको छ ।

त्यसपछि, अल्गोरिदमले विद्यार्थीहरूलाई अनियमित रूपमा तोकिएको लोटरी नम्बरका आधारमा प्रत्येक प्राथमिकता वर्गमा श्रेणीअनुसार मिलाएर राख्ने छ । यसले प्रत्येक विद्यालयमा प्रत्येक ग्रेडका विद्यार्थीहरूको क्रमित (श्रेणीबद्ध र क्रमबद्ध) सूची उत्पादन गर्छ । त्यसपछि, प्रणालीले विद्यार्थीहरूलाई यस सूचीमा परेको क्रमका आधारमा सिटहरू बाँड्छ; त्यसपछि, प्रणालीले सिट प्राप्त नगर्ने सबै विद्यार्थीलाई श्रेणीबद्ध र क्रमबद्ध गरिएको तरिकाको आधारमा प्रतीक्षा सूचीका नम्बरहरू तोक्छ । आफूलाई सबैभन्दा मन परेको विद्यालयमा जान पाउने विद्यार्थीहरूको सङ्ख्या अधिमान्य गराउनका लागि यो प्रणालीको डिजाइन गरिएको हो ।

## स्कूल फाइन्डर भनेको के हो ?

यहाँ उपलब्ध हुने स्कूल फाइन्डर DPS का परिवारहरूका लागि अनलाइन, मोबाइल-मैत्रीपूर्ण विद्यालय खोज उपकरण हो । यहाँ, तपाईं आफ्ना लागि महत्त्वपूर्ण भएका विद्यालय सुविधाहरू प्रविष्ट गर्ने र तपाईंको इच्छित मापदण्डलाई कतिको नजिकबाट पूरा गर्छन् भन्ने आधारमा दर्जा दिइएका मिल्दो विद्यालयहरूको सूची प्राप्त गर्न सक्नुहुन्छ । तपाईं ठेगानाबाट वा वर्णानुक्रमानुसार खोज्न पनि सक्नुहुन्छ । SchoolChoice आवेदनमा तपाईंको रुचाइएका विद्यालयहरूलाई दर्जा दिने समय हुँदा तपाईंको विद्यार्थीका आवश्यकतासँग राम्रोसँग मेल खाने विद्यालयहरू निर्धारण गर्नाले तपाईंलाई मद्दत गर्ने छ ।

## "पारगमन हुने" विद्यार्थी भनेको को हो ?

धेरैजसो अवस्थामा, पारगमन हुने विद्यार्थी भनेको आफ्नो हालको विद्यालय वा कार्यक्रममा उपलब्ध उच्चतम ग्रेड पूरा गरेको विद्यार्थी हो । उदाहरणका लागि, ECE-5 विद्यालयमा अध्ययनरत हालको पाँचौं ग्रेडका विद्यार्थीलाई मिडल स्कूलमा “पारगमन” हुने मानिन्छ वा 6 देखि 8 ग्रेडका विद्यार्थी अध्ययन गर्ने विद्यालयमा हालको आठौँ ग्रेडका विद्यार्थीलाई हाइ स्कूलमा “पारगमन” हुने मानिन्छ । यद्यपि, केही अवस्थाहरूमा, ECE-8 विद्यालयहरूमा अध्ययनरत पाँचौँ ग्रेडका विद्यार्थीहरू र 6 देखि 12 ग्रेडका विद्यार्थी अध्ययन गर्ने विद्यालयहरूमा अध्ययनरत आठौँ ग्रेडका विद्यार्थीहरू उपलब्ध उच्चतम ग्रेडमा पुगेका छैनन् तर अझै पनि “पारगमन” हुने मानिन्छ । DPS ले पहिलो चरण हुनुअघि पारगमन हुने विद्यार्थीहरूका आमाबुवा/अभिभावकहरूले आगामी विद्यालय वर्षका लागि विद्यालय छनोट गर्न के-कस्ता कदमहरू, यदि कुनै छ भने, चाल्नुपर्छ भन्ने बारेमा सूचित गर्ने छ ।

## मेरो पारगमन हुने विद्यार्थीले SchoolChoice आवेदन पेश नगरेमा के हुन्छ ?

विद्यालयको सीमामा बसोबास गर्ने र SchoolChoice आवेदन पेश नगर्ने पारगमन हुने विद्यार्थीहरूलाई उनीहरूको सीमाको विद्यालयमा नामाङ्कित गरिने छ । नामाङ्कन क्षेत्र वा साझा सीमामा बसोबास गर्ने र SchoolChoice आवेदन पेश नगर्ने पारगमन हुने विद्यार्थीहरूले दोस्रो चरणमा अनलाइन Choice आवेदन भर्नुपर्छ । तपाईंले आफ्नो सीमाको विद्यालय वा नामाङ्कन क्षेत्रभन्दा बाहिर "छनोट गर्नुभएको" छ भने, तपाईंको हालको नामाङ्कन गर्ने विद्यालय तपाईंले उपस्थित हुन अधिकार पाएको नयाँ विद्यालय हुन्छ । तपाईंको विद्यार्थीले आफ्नो विद्यालय वा कार्यक्रममा उपलब्ध उच्चतम ग्रेड पूरा गर्नुभएको छ वा तपाईंको विद्यार्थी अर्को वर्ष फरक विद्यालयमा उपस्थित हुन चाहनुहुन्छ भने, उक्त विद्यार्थीले SchoolChoice आवेदन पेश गर्नुपर्छ । विद्यार्थीहरूलाई स्थान उपलब्ध भएको विद्यालयमा पठाइने छ ।

## दोस्रो ग्रेड जस्तै "पारगमन नहुने" ग्रेडहरूमा अध्ययनरत विद्यार्थीहरू अझै पनि SchoolChoice प्रक्रियामा सहभागी हुन सक्छन् ?

सक्छन् । हाल आफू नामाङ्कित रहेको विद्यालयबाहेक अन्य फरक विद्यालय छनोट गर्न चाहेका विद्यार्थीहरूले SchoolChoice आवेदन पेश गर्नुपर्छ ।

## मैले कुन-कुन महत्त्वपूर्ण मिति सम्झन आवश्यक छ ?

- जनवरी 13, 2023: SchoolChoice को पहिलो चरण बिहान 10 बजे खुल्छ
- फेब्रुअरी 14, 2023: SchoolChoice बन्द हुन्छ । सबै आवेदन दिउँसो 4 बजेसम्ममा बुझाउनुपर्छ ।
- मार्च 2023 को अन्त्यमा: परिवारहरूलाई विद्यालयका असाइनमेन्टहरूका बारेमा सूचित गरिन्छ
- अप्रिल 2023 को प्रारम्भमा: SchoolChoice को दोस्रो चरण खुल्छ

## SchoolChoice आवेदन कहिले उपलब्ध हुने छ ?

SchoolChoice आवेदन जनवरी 13, 2023 मा बिहान 10 बजे अनलाइनमा उपलब्ध हुने छ । विन्डो नजिकिँदै गर्दा आवेदन दिने विधिसहित SchoolChoice बारे थप जानकारी schoolchoice.dpsk12.org मा उपलब्ध हुने छ ।

## हामीले हाम्रो SchoolChoice आवेदन कहाँ पेश गर्ने हो ?

यो DPS को अनलाइन, मोबाइल-मैत्रीपूर्ण SchoolChoice आवेदनको पाँचौं वर्ष हुने छ । आवेदन यहाँ उपलब्ध हुने छ । Choice विन्डो खुलिसकेपछि, परिवारहरूले आफ्नो अभिभावक पोर्टल खाता पत्यारपत्रहरू प्रयोग गरेर लग इन गर्न वा नयाँ खाता सिर्जना गर्न, आफ्नो आवेदन भरेर Choice विन्डोको समयमा जुनसुकै बेला पेश गर्न सक्नुहुन्छ ।

## SchoolChoice नामाङ्कन प्रक्रियामा कुन-कुन विद्यालयहरू समावेश छन् ?

छिमेकी विद्यालयहरू, विशेष कार्यक्रमहरू भएका विद्यालयहरू, इनोभेसन स्कूलहरू र चार्टर स्कूलहरूसहित लगभग सबै डिस्ट्रिक्ट स्कूल SchoolChoice प्रक्रियामा सहभागी हुन्छन् । पाथवे स्कूलहरू सामान्यतया सहभागी हुँदैनन् । कृपया नामाङ्कनसम्बन्धी जानकारीका लागि सीधै ती विद्यालयहरूमा सम्पर्क गर्नुहोस् ।

## नामाङ्कन क्षेत्र भनेको के हो ?

DPS भित्र, नामाङ्कन क्षेत्र भनेको भौगोलिक क्षेत्र हो जहाँ यस क्षेत्रमा बसोबास गर्ने विद्यार्थीहरूलाई कुनै एउटा निश्चित विद्यालयमा मात्र नभएर धेरै विद्यालयमध्ये एकमा सिट सुनिश्चित गरिन्छ। साझा-पहुँच क्षेत्रका धेरै फाइदाहरू छन्, जसमा निम्न कुराहरू समावेश छन्: उच्च प्रदर्शन गर्ने विद्यालयहरूमा बढ्दो पहुँच; यातायात विकल्पहरूमा बढ्दो पहुँच; त्यस क्षेत्रमा बसोबास गर्ने विद्यार्थीहरूलाई प्राथमिकता; र विभिन्न प्रकारका विद्यालय कार्यक्रमहरूमा पहुँच। नामाङ्कन क्षेत्रहरूका बारेमा थप जानकारी हेर्नुहोस्।

## निश्चित विद्यालयहरूका लागि कुनै अतिरिक्त नामाङ्कन चरण छन् ?

विशेष कार्यक्रमहरू भएका केही विद्यालयहरूमा SchoolChoice फाराम भर्नुबाहेक योग्यताका लागि अतिरिक्त नामाङ्कन चरणहरू छन्। उदाहरणका लागि, Denver School of the Arts (डेनभर स्कूल अफ आर्ट्स) ले विद्यार्थीको आवेदनको भागको रूपमा अडिसनहरू लिन्छ। यी विद्यालयहरूलाई ग्रेट स्कूल्स नामाङ्कन गाइडहरू र SchoolChoice आवेदनमा पहिचान गरिएका छन्।

## सबै विद्यालयको एउटै टाइमलाइन हुने छ ?

हुने छ। सबै विद्यालयमा SchoolChoice आवेदनहरू पेश गर्नका लागि फेब्रुअरी 14, 2023 मा दिउँसो 4 बजेसम्मको एउटै समाप्ति मिति छ। मार्च 2023 को अन्त्यमा परिवारहरूलाई उहाँहरूको विद्यार्थीको विद्यालय असाइनमेन्टका बारेमा सूचित गरिने छ। कला फोकस, दोहोरो भाषा वा उच्च रूपमा प्रतिभाशाली तथा मेधावी जस्ता केही विशेष कार्यक्रमहरूमा अतिरिक्त नामाङ्कन चरणहरू छन् र यी चरणहरू पूरा गर्नका लागि छुट्टै टाइमलाइनको पालना हुन्छ। तपाईं कुनै विशेष विद्यालय वा कार्यक्रमका बारेमा विचार गर्दै हुनुहुन्छ भने, कृपया अतिरिक्त नामाङ्कन चरणहरूका बारेमा विवरणहरू चाहिएमा विद्यालयमा सम्पर्क गर्नुहोस्।

## SchoolChoice म्याचिङ सिस्टमले कसरी काम गर्छ र मेरो बच्चालाई विद्यालयमा कसरी नामाङ्कित गर्ने छ ?

विद्यार्थीहरूले SchoolChoice आवेदनमा सूचीबद्ध गरेका प्राथमिकताहरू र प्रत्येक विद्यालयले स्थापना गरेका भर्ना प्राथमिकताहरू (उदाहरणका लागि, सहोदरहरू वा Denver का निवासीहरू) का आधारमा विद्यार्थीहरूलाई प्रत्येक विद्यालयमा नामाङ्कन गर्नका लागि विचार गरिने छ। प्रत्येक विद्यालयका भर्ना प्राथमिकताहरू यहाँ फेला पार्न सकिन्छ। प्रत्येक प्राथमिकता समूहमा, प्राथमिकता समूहभित्र कुनै पनि "योजक रेखा" विभाजन गर्नका लागि प्रत्येक विद्यार्थीलाई एउटा अनियमित नम्बर तोकिने छ। SchoolChoice प्रणालीले विद्यार्थीहरूलाई नामाङ्कित गरिने क्रम निर्धारण गर्नका लागि विद्यार्थीका प्राथमिकताहरू, विद्यालयका प्राथमिकताहरू र उपलब्ध सिटहरूका बारेमा विचार गर्ने छ।

## हामीले SchoolChoice आवेदनमा एउटामात्र विद्यालय सूचीबद्ध गर्छौं भने, हामीसँग उक्त विद्यालयमा प्रवेश हुन पाउने उच्च सम्भावना हुने छ ?

हुने छैन। SchoolChoice फाराममा सूचीबद्ध गरिएका विद्यालयहरूको सङ्ख्याले कुनै पनि विशेष विद्यालयमा तोकिने सम्भावनालाई प्रभाव पार्ने छैन। DPS ले प्रत्येक विद्यार्थीलाई 12 वटा विद्यालयको सीमासम्म आफ्ना सबैभन्दा रुचाइएका विद्यालयहरूलाई क्रममा सूचीबद्ध गर्न दृढतापूर्वक सिफारिस गर्छ।

## मेरो विद्यार्थीले आफ्नो पहिलो रोजाइको विद्यालय प्राप्त नगरेको खण्डमा के हुन्छ ?

तपाईंको विद्यार्थीले आफ्नो पहिलो प्राथमिकताको विद्यालय प्राप्त नगरेको खण्डमा, उहाँलाई उक्त विद्यालयको प्रतीक्षा सूचीमा राखिने छ । विद्यालयमा स्थान उपलब्ध हुँदा र उपलब्ध भएमा, तपाईंलाई सम्पर्क गरेर नामाङ्कन गर्न प्रस्ताव गरिने छ । आफ्नो प्रतीक्षा सूचीका स्थितिहरू हेर्नका लागि, आफ्नो SchoolChoice खातामा लगइन गर्नुहोस् ।

## प्रतीक्षा सूचीहरूले कसरी काम गर्छन् ?

प्रतीक्षा सूचीमा भएका नामहरू परिवर्तन भइरहन्छन्, अर्थात् पहिलो चरण र दोस्रो चरण दुवैबाट अन्य सबै आवेदकका कार्य र प्राथमिकताहरूका आधारमा प्रतीक्षा सूचीमा तपाईंका स्थितिहरू माथि वा तल सर्न सक्छन् भन्ने कुरालाई ध्यानमा राख्न महत्त्वपूर्ण छ । उदाहरणका लागि, उच्च प्राथमिकता समूहमा रहेका विद्यार्थीले उक्त विद्यालयमा सिट पाउनका लागि आवेदन दिएका कारणले विद्यालयमा तपाईंको विद्यार्थीको प्रतीक्षा सूचीको स्थिति नम्बर 6 बाट परिवर्तन भएर नम्बर 7 मा सर्न सक्छ ।

यहाँ यो कसरी हुन सक्छ भन्ने बारेमा केही विशिष्ट उदाहरणहरू दिइएका छन्:

- तपाईं आफ्नो सीमाको विद्यालय वा आफ्नो नामाङ्कन क्षेत्रको विद्यालयबाहेक अन्य विद्यालयको प्रतीक्षा सूचीमा हुनुहुन्छ भने, उक्त सीमा वा नामाङ्कन क्षेत्रभित्र बसोबास गर्ने नयाँ विद्यार्थीलाई उच्च प्राथमिकता दिइने छ ।
- विद्यार्थीलाई प्रतीक्षा सूचीबाट विद्यालयमा भर्ना गरिएको छ भने, प्रतीक्षा सूचीमा रहने विद्यार्थीका सहोदर उक्त प्राथमिकता नभएका विद्यार्थीहरूभन्दा माथि सर्ने छन् ।
- विद्यालयमा पूर्णकालीन कार्यरत कर्मचारीको बच्चा विद्यालयमा आवेदक हुनुहुन्छ भने, आवेदक उक्त प्राथमिकता नभएका विद्यार्थीहरूभन्दा माथि सर्नु हुने छ ।
- DPS को सीमाभित्र बसोबास गर्ने विद्यार्थीलाई उच्च प्राथमिकता दिइएको छ र प्रतीक्षा सूचीमा Denver मा बसोबास नगर्ने निवासीभन्दा माथि सर्नु हुने छ ।

विद्यालयका भर्ना प्राथमिकताहरूका बारेमा थप जान्नुहोस् ।

किन्डरगार्टेनदेखि ग्रेड 12 सम्मका लागि SchoolChoice का प्रतीक्षा सूचीहरू सेप्टेम्बर 2023 को अन्त्यसम्म सक्रिय रहन्छन् । 2023-24 विद्यालय वर्षका लागि ECE3 र ECE4 का प्रतीक्षा सूचीहरू अप्रिल 2024 सम्म जारी रहन्छन् ।

तपाईंलाई प्रतीक्षा सूचीबाट उच्च प्राथमिकताको विद्यालयमा सिट प्रस्ताव गरिएको छ र तपाईंले स्वीकार गर्नुहुन्छ भने, उक्त विकल्प तलका कुनै पनि School Choice फिर्ता लिइने छ ।

## मेरो बच्चालाई अझै पनि हाम्रो सीमाको विद्यालयमा स्थानको ग्यारेन्टी गरिन्छ ?

गरिन्छ । SchoolChoice प्रक्रियाले तपाईंको सीमाको विद्यालयमा किन्डरगार्टेनदेखि ग्रेड 12 सम्मका लागि ग्यारेन्टी गरिएको स्थानसहित डिस्ट्रिक्टका नीतिहरू परिवर्तन गर्दैन । तपाईंको विद्यार्थीलाई Choice को माध्यमद्वारा तपाईंको सीमाको विद्यालयबाहेक अन्य विद्यालयमा स्वीकार गरियो भने, उक्त विद्यालय तपाईंको “गृह विद्यालय” बन्छ र तपाईंको सीमाको विद्यालयमा उपलब्ध भएको सिटको अबदेखि ग्यारेन्टी हुने छैन ।

## SchoolChoice को माध्यमद्वारा मेरो सीमाको विद्यालयबाहेक अन्य विद्यालयमा नामाङ्कन भएपछि, म मेरो सीमाको विद्यालयमा फर्कन सक्षम हुन्छु ?

तपाईंको सीमाको विद्यालयमा फर्कनका लागि, तपाईं मार्चको अन्त्यमा पहिलो चरणका सूचनाहरू प्राप्त गरेपछि दोस्रो चरणको SchoolChoice आवेदन पेश गर्न सक्नुहुन्छ । सबै दोस्रो चरणका आवेदनहरू सुरुमा प्रतीक्षा सूचीमा राखिन्छ । अतिरिक्त सिटहरू उपलब्ध भएमा, विद्यालयले प्रतीक्षा सूचीमा भएको क्रमअनुसार सिटहरू प्रस्ताव गर्ने छ ।

## मेरो विद्यार्थी विद्यालयको प्रतीक्षा सूचीमा हुनुहुन्छ । उहाँलाई सिट प्रस्ताव गरिएको छ भन्ने कुरा म कहिले सुन्न पाउँछु ?

प्रतीक्षा सूचीहरू सेप्टेम्बरको अन्त्यसम्म सक्रिय छन् । विद्यालयहरूलाई प्रस्ताव गर्नका लागि सिट उपलब्ध भएको थाहा हुँदा विद्यालयहरूले प्रतीक्षा सूचीमा राखिएका विद्यार्थीहरूलाई सिटहरू प्रस्ताव गर्ने छन्, जुन कार्य विद्यालय वर्ष सुरु भएपछि हुन सक्छ ।

## मेरो एउटा बच्चाले हाम्रो ग्यारेन्टी गरिएको सीमाको विद्यालयबाहेक अन्य विद्यालयमा प्रवेश गर्ने 'छनोट' गर्नुहुन्छ भने, मेरो अर्को बच्चा समान विद्यालयमा प्रवेश गर्ने 'छनोट' गर्न सक्षम हुनु हुने छ ?

पहिलो चरणको अवधिमा हालको र फर्कने विद्यार्थीहरूका सहोदरहरूलाई उच्च प्राथमिकता दिइन्छ र धेरैजसो सहोदरहरूलाई एउटै रोजाइको विद्यालयमा स्वीकृत गरिन्छ । यद्यपि, रोजाइको विद्यालयमा सीमित स्थान हुने भएकाले सहोदरहरूका लागि नामाङ्कनको सधैं ग्यारेन्टी दिन सकिँदैन ।

## मैले विभिन्न विद्यालयका प्रस्तावहरूबिच कहिले छनोट गर्नु पर्ने हुन्छ ?

पहिलो चरणको SchoolChoice आवेदन पेश गरेपछि तपाईं अर्को विद्यालय वर्षका लागि नयाँ विद्यालय अनुरोध गर्दै हुनुहुन्छ भन्ने बुझिन्छ । तपाईंले आफ्नो SchoolChoice आवेदन पेश गर्नुअघि आफ्ना विद्यालयहरूलाई उपयुक्त रूपमा प्राथमिकता दिनुभएको छ भनी सुनिश्चित गर्न आवश्यक हुने छ । मार्चमा, तपाईंको विद्यार्थीलाई “उत्कृष्ट-रोजाइ” को DPS को विद्यालयमा एउटामात्र विद्यालय असाइनमेन्ट दिइने छ ।

## म मेरो विद्यार्थीको विद्यालय असाइनमेन्टबाट सन्तुष्ट छैन वा मैले मेरो विचार परिवर्तन गरे भने के हुन्छ ?

दोस्रो चरणको SchoolChoice अप्रिल 2023 को सुरुमा पहिलो चरणका सूचनाहरू प्राप्त गरेपछि सुरु भएर अगस्ट 31, 2023 सम्म चल्छ । दोस्रो चरणको SchoolChoice आवेदन अनुरोध गरिएको विद्यालयमा पेश गर्नुपर्छ । विद्यार्थीहरूलाई उनीहरूले इच्छ्याएको विद्यालयमा पहिला आउनुहोस्, पहिलो सेवा पाउनुहोस् नियमअनुसार स्थानको उपलब्धताका आधारमा राखिने छ । दोस्रो चरणको विद्यालय असाइनमेन्टले पहिलो चरणको विद्यालय असाइनमेन्टलाई प्रतिस्थापित गर्ने छ । परिवारहरूलाई विद्यार्थीले पहिलो चरण र दोस्रो चरणमा आवेदन दिएका सबै विद्यालयलाई दर्जा दिन अनुरोध गरिने छ र विद्यार्थीलाई स्वीकार गरिएको विद्यालयभन्दा कम दर्जा पाएका विद्यालयहरू रद्द गरिने छ ।

## मेरो बच्चाले उहाँलाई तोकिएको विद्यालयमा यातायात सुविधा पाउनु हुने छ ?

यातायातको ग्यारेन्टी हुँदैन । कृपया विवरणहरूका लागि यातायात वेबसाइटमा जानुहोस् ।

## विद्यालयमा आवेदन दिन मलाई कुन-कुन कागजातहरू आवश्यक पर्ने छ ?

परिवारहरूले निम्न कागजातहरू पेश गर्न आवश्यक हुने छ:

- बच्चाको उमेरको प्रमाणीकरण । स्वीकार्य कागजातहरूमा बच्चाको जन्मदर्ता प्रमाणपत्र, न्वारनको रेकर्ड वा अस्पतालको रेकर्डका प्रतिलिपि समावेश हुन्छन् ।
- हालको ठेगानाको प्रमाणीकरण । स्वीकार्य कागजातहरूमा हालको भाडा सम्झौता, घरको स्वामित्वको प्रमाण वा ग्याँस, बिजुली, पानी वा केबल जस्ता उपयोगिता बिलका प्रतिलिपि समावेश हुन्छन् ।
- एक महिनाको आम्दानीको प्रमाणीकरण **(ECE-4** का लागि मात्र आवश्यक छ**)** । स्वीकार्य कागजातहरूमा हालसालैको भुक्तानी विवरण (महिनामा एक पटकभन्दा बढी भुक्तानी गरिएमा महिनाभरका सबै विवरण समावेश गर्नुहोस्), ज्याला विवरण वा कर फिर्ता (ट्याक्स रिटर्न) समावेश हुन्छन् ।
- हाइ स्कूलका विद्यार्थीहरू भएमा, अघिल्लो विद्यालयका ग्रेडहरू 9-12 को ट्रान्सक्रिप्ट पनि उपलब्ध गराउनुहोस् ।

## मसँग थप प्रश्नहरू भएमा मैले कसलाई सम्पर्क गर्नुपर्छ ?

नामाङ्कन सेवालाई 720-423-3493 वा schoolchoice@dpsk12.org मा सम्पर्क गर्न सकिन्छ ।